मोदीगाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/०८२(प्रशासन)
चलानी नं :-

मिति: २०८२/०३/१२

सूचना नं:-१०५

## तहवृद्धि सम्वन्धी सूचना ।

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ मा भएको तहवृद्धिको व्यवस्था बमोजिम तपशिलमा उल्लेखित सर्तहरु पुरा भएका मोदी गाउँपालिकामा कार्यरत स्थानीय सेवाका ईच्छुक स्थायी कर्मचारीहरुले यस कार्यालयको वेव साइट ***http://modimun.gov.np*** मा राखिएको तह बृद्धिको आवेदन फारम डाउनलोड गरी नेपाली कागजमा प्रिन्ट गरी फारममा उल्लेखित विवरण खुलाई ४ प्रति तयार गरी सम्वन्धित शाखा प्रमुखबाट प्रमाणित गराई सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८२/०३/२६ गते) भित्र कार्यालयको प्रशासन शाखामा बुझाउनु हुन सूचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदनलाई स्तरवृद्धिको प्रक्रियामा सामेल नगराइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

१) स्थानीय सेवाको स्वास्थ्य सेवा बाहेकको अन्य सेवामा कार्यरत कर्मचारीको हकमाः
   क. अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तह वृद्धिको लागि क्रमशः सहायक पाँचौ, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदमा पाँच वर्ष सेवा अवधि पुरा भएको हुनुपर्ने ।
   ख. अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तह वृद्धिको लागि क्रमशः सहायक पाँचौ, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदमा पाँच वर्षको कार्य सम्पादन मुल्याङ्कनमा कम्तिमा ९५ प्रतिशत अंक प्राप्त गरेको हुनुपर्ने ।
   ग. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३१ बमोजिम तह वृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्ने ।

२) स्थानीय सेवाको स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमाः
   क. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ को उपदफा (३) बमोजिम (स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५) बमोजिम सेवा सर्त र अवधि पुरा गरेको हुनुपर्ने ।
   ख. स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५ बमोजिम स्तर वृद्धिको लागि आवश्यक पर्ने कागजात संलग्न गरेको हुनुपर्ने ।
   ग. स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(क) बमोजिम नकरात्मक सूचिमा नपरेको हुनुपर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

घ. स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूचि ११ बमोजिमको अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधीको शाखा प्रमुखबाट प्रमाणित सिफारिस पत्र ।(साथै अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हाजिरी एवं अवधी खुल्ने कागजातहरु, कामकाज गर्न खटाईएको पत्र, रमाना पत्र र हाजिरीको जानकारी पत्र अनिवार्य रुपमा पेश गर्नपर्ने)

ङ. साविक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्ति भएका कर्मचारीहरुले यस गाउँपालिकामा समायोजन भएको पत्रको प्रतिलिपि ।

च. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३१ बमोजिम तह बृद्धिको लागि सम्भाव्य उम्मद्वार हुन अयोग्य नभएको हुनुपर्ने ।

३) स्थानीय सेवाको सबै सेवामा कार्यरत कर्मचारीहरुले आवेदन साथ खुलाउनु पर्ने तथा संलग्न गर्नुपर्ने अन्य कागजातहरुः

क. आवेदन फारमको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरण स्पष्ट खुलाउनु पर्ने छ ।

ख. सुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि ।

ग. तह बृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तर बृद्धिको प्रमाणित प्रतिलिपि ।

घ. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम मोदी गाउँपालिकामा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपि र पदस्थापन पत्रको प्रतिलिपि ।

ङ. कर्मचारीको अध्यावधिक विवरण (PIS)

................
बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत